**संघीय संसद**
**प्रतिनिधि सभा, २०७९**
**पहिलो अधिवेशन**
**बैठक संख्या - २६**

**सूचनापत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०८० साल वैशाख १२ गते मंगलबार**

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा बाँके क्षेत्र नं. १ नरैनापुर गाउँपालिकामा १२ घर र सप्तरीको निर्वाचन क्षेत्र नं. ४ मा १४ घर जलेर पूर्णरुपमा क्षति भएका अग्निपिडितलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने, कृषिसँग सम्बन्धित समस्यामा राज्यको ध्यानाकर्षण गराउने उद्देश्यले काठमाडौको न्यूरोडस्थित भुगोल पार्कमा अनसन बसिरहेको नुवाकोटको एकजना किसानको स्वास्थ्य स्थितिलाई ध्यानमा राख्दै नेपाल सरकार र कृषि मन्त्रालयले समयमा नै ध्यान पुऱ्याउनु पर्ने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नियामक निकाय र व्यवस्थापक फरक फरक हुनुपर्ने, अर्को स्टक एक्सचेन्ज थप्नु अघि भइरहेको नेप्सेलाई पनि निजीकरण गर्ने योजना अनुरुप बन्धनमुक्त गर्नुपर्ने, बैशाख ३ गते रसुवामा गएको भुकम्प पिडितको समस्याका सम्बन्धमा सरकारको ध्यानाकर्षण हुनुपर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री सूर्य प्रसाद ढकाल
२. मा० श्री हित बहादुर तामाङ
३. मा० श्री तेजु लाल चौधरी
४. मा० श्री मनिष झा
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री ईश्वर वहादुर रिजाल
७. मा० श्री अर्जुन नरसिंह के.सी.

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो।

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डिग बहादुर लिम्बु
३. मा० श्री डिल्ली राज पन्त
४. मा० श्री तारा लामा तामाङ
५. मा० डा० तोसीमा कार्की
६. मा० श्री दिनेश कुमार यादव
७. मा० श्री दिपक गिरी
८. मा० श्री दिपक बहादुर सिंह
९. मा० श्री दिपा शर्मा
१०. मा० श्री दिलेन्द्र प्रसाद बडू
११. मा० श्री दुर्गा राई
१२. मा० श्री देव प्रसाद तिमलसेना
१३. मा० श्री देवेन्द्र पौडेल
१४. मा० श्री धवल शम्शेर जंगबहादुर राणा
१५. मा० श्री ध्रुव बहादुर प्रधान
१६. मा० श्री नागिना यादव
१७. मा० श्री नारायण प्रसाद आचार्य
१८. मा० श्री नारायणी शर्मा
१९. मा० श्री निर्मला कोइराला
२०. मा० श्री निशा डागी
२१. मा० श्री पूर्ण बहादुर घर्ति मगर
२२. मा० श्री प्रकाश मान सिंह
२३. मा० श्री प्रतिमा गौतम
२४. मा० श्री प्रदिप पौडेल
२५. मा० श्री प्रभु हजरा दुसाध
२६. मा० श्री प्रेम बहादुर महर्जन
२७. मा० श्री बद्री प्रसाद पाण्डे
२८. मा० श्री बलराम अधिकारी
२९. मा० श्री बासु देव घिमिरे

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो।

१. मा० श्री धनराज गुरुङ्ग
२. मा० श्री भिम प्रसाद आचार्य
३. मा० श्री महेन्द्र बहादुर शाही
४. मा० श्री अशोक कुमार चौधरी
५. मा० श्री विक्रम पाण्डे
६. मा० श्री रेखा यादव
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री विनिता कुमारी सिंह
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री लालबिर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री रामहरि खतिवडा
१३. मा० श्री रघूजी पन्त
१४. मा० श्री रणेन्द्र बराली
१५. मा० श्री भगवती चौधरी
१६. मा० श्री ऋषिकेश पोखरेल

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) बमोजिम आकस्मिक, शून्य र विशेष समयमा मा० सदस्यहरुले उठाउनु भएको विषयहरुका सम्बन्धमा मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले जवाफ दिनु भयो।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाका सदस्य डा० ढाका कुमार श्रेष्ठलाई सम्बन्धित संसदीय दलले पार्टीको साधारण सदस्यबाट निष्कासन गरेको र सो निर्णय बमोजिम निजको सांसद पद रिक्त हुने भनी निर्णय सहितको सूचना राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३४ को उपदफा (१) बमोजिम संघीय संसद सचिवालयमा दिएकोले सोही ऐनको दफा ३५ बमोजिम सभालाई जानकारी गराउनु भयो साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३६ बमोजिम प्रतिनिधि सभा सदस्यको उक्त स्थान रिक्त भएको व्यहोरा जानकारी गराउनु भयो।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो।

तदुपरान्त राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरु छलफलमा भाग लिनु भयोः-

१. मा० श्री राजेन्द्र कुमार के.सी.
२. मा० श्री अर्जुन नरसिंह के.सी.
३. मा० श्री रन्जु कुमारी झा
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री रघूजी पन्त
६. मा० श्री विराज भक्त श्रेष्ठ
७. मा० श्री माधव सापकोटा
८. मा० श्री महेश कुमार वर्तौला
९. मा० श्री रामहरि खतिवडा
१०. मा० श्री प्रदिप पौडेल
११. मा० श्री पदम गिरी
१२. मा० श्री सन्तोष परियार
१३. मा० श्री रुपा सो.सी. चौधरी
१४. मा० श्री रोशन कार्की
१५. मा० श्री बुद्धिमान तामाङ्ग
१६. मा० श्री रामकृष्ण यादव
१७. मा० श्री देव प्रसाद तिमलसेना
१८. मा० श्री ज्ञानु बस्नेत सुवेदी
१९. मा० श्री राम प्रकाश चौधरी
२०. मा० श्री अनिता देवी
२१. मा० श्री अम्मर बहादुर थापा
२२. मा० श्री छिरिङ ल्हामु लामा तामाङ
२३. मा० श्री दुर्गा राई
२४. मा० श्री नागिना यादव
२५. मा० श्री विना लामा
२६. मा० श्री प्रेम बहादुर महर्जन
२७. मा० श्री प्रेम सुवाल
२८. मा० श्री भगवती चौधरी
२९. मा० श्री बद्री प्रसाद पाण्डे
३०. मा० श्री रामनाथ अधिकारी
३१. मा० श्री तेजुलाल चौधरी
३२. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
३३. मा० श्री लेखनाथ दाहाल
३४. मा० श्री मेटमणि चौधरी
३५. मा० श्री संजय कुमार गौतम

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु भयो।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो।

तदनन्तर अर्को बैठक २०८० साल बैशाख १३ गते बुधबार दिनको ३:०० बजे बस्नेगरी बैठक दिनको ५:४५ बजे स्थगित भयो।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव